# कमला नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०७६

कमला नगरपालिकाको आर्थिक ऐन, २०७६

## कमलानगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** कमलानगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान को धारा २२८ को उपधारा (२) बमोजिमकमलानगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन २०७६ साल श्रावण १ गतेदेखि कमलानगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन कर:** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

## अनुसुची(१)

## दफा (२) सँग सम्बन्धित

# एकीकृत सम्पत्ति करका दरहरु

**१.१ एकीकृत सम्पत्ति करको दरहरु :**

| सि.नं. | करयोग्य एकीकृत सम्पत्तिको मुल्य | आ.व. २०७६।०७७ | कैफियत |
|---|---|---|---|
| १. | रु. ५ लाखसम्म | १००।०० | |
| २. | रु. ५ लाख १देखि १० लाखसम्म | २००।०० | |
| ३. | रु. १० लाख १ देखि २० लाखसम्म | ४००।०० | |
| ४. | रु. २० लाख १ देखि ३० लाखसम्म | १०००।०० | |
| ५. | रु. ३० लाख १ देखि ४० लाखसम्म | २२५०।०० | |
| ६. | रु. ४० लाख १ देखि ५० लाखसम्म | २७५०।०० | |
| ७. | रु. ५० लाख १ देखि ६५ लाखसम्म | ५०००।०० | |
| ८. | रु. ६५ लाख १ देखि ८० लाखसम्म | ६५००।०० | |
| ९. | रु. ८० लाख १देखि १ करोडसम्म | ९०००।०० | |
| १०. | रु. १ करोड १ देखि १.५ करोडसम्म | १६५००।०० | |
| ११. | रु. १.५ करोड १ देखि २ करोडसम्म | १९०००।०० | |
| १२. | रु.२ करोड १ देखि २.५ करोडसम्म | ३५०००।०० | |
| १३. | रु.२.५ करोड १ देखि ३ करोडसम्म | | |
| १४. | रु. ३ करोड १ देखि ४ करोडसम्म | ४५०००।०० | |
| १५. | रु. ४ करोड १ देखि ५ करोडसम्म | ५००००।०० | |
| १६. | रु. ५ करोड देखि माथी | प्रति हजारको रु.२ | |

| सि.नं. | भवन बनौटको प्रकृति | आ.व.२०७६।०७ ७ मा | ह्रास कट्टीदर | ह्रास कट्टी गरिने बर्ष |
|---|---|---|---|---|
| १. | भित्र काचो बाहिर पाको इटामा माटोको जोडाई भएको वा काठै काठले बनेको र जस्ता झिगटी टायलको छाना भएको घर | रु.४५० | ३.०० प्रति बर्ष प्रतिशतमा | २५ बर्ष |
| २. | भित्र बाहिर पाको ईटामा वा दुङगामा माटोको जोडाई भई सिमेन्ट प्लास्टर भएको जस्ता झिगटी टायलको छाना भएको घर | रु.५२५ | २.०० प्रति बर्ष प्रतिशतमा | ३० बर्ष |
| ३. | भित्र बाहिर पाको ईटामा वा ढुङगामा सिमेन्टको जोडाई प्लास्टर भएको आर.सि.सि.वा आ।बि.सी. छाना भएको घर | रु.५७५ | १.०० प्रति बर्ष प्रतिशतमा | ७० बर्ष |
| ४. | आर.सि.सि.फ्रेम स्टक्चर भएको घर | रु.६३५ | ०.७० प्रति बर्ष प्रतिशतमा | १०० बर्ष |

## १.२ घरजग्गा कर

| सि.नं. | सम्पत्तिको मुल्याङ्कन रकम | सम्पत्ति करको दर |
|---|---|---|
| १ | १ देखि २ लाख सम्म | ५०।०० |
| २ | २ लाख १ देखि ४ लाख सम्म | १००।०० |
| ३ | ४ लाख १ देखि ६ लाख सम्म | १५०।०० |
| ४ | ६ लाख १ देखि ८ लाख सम्म | २००।०० |
| ५ | ८ लाख १देखि १० लाख | २५०।०० |
| ६ | १० लाख १ देखि १२ लाख सम्म | ३००।०० |
| ७ | १२ लाख १ देखि १४ लाख सम्म | ३५०।०० |
| ८ | १४ लाख १ देखि १६ लाख सम्म | ४००।०० |
| ९ | १६ लाख १ देखि १८ लाख सम्म | ४५०।०० |
| १०. | १८ लाख १ देखि २० लाख सम्म | ५००।०० |
| ११ | २० लाख १ देखि २५ लाख सम्म | ५५०।०० |
| १२ | २५ लाख १ देखि ३० लाख सम्म | ६००।०० |
| १३ | ३० लाख १ देखि ३५ लाख सम्म | ६५०।०० |
| १४ | ३५ लाख १ देखि ४० लाख सम्म | ७००।०० |
| १५ | ४० लख १ देखि ४५ लाख सम्म | ७५०।०० |
| १६ | ४५ लाख १ देखि ५० लाख सम्म | ८००।०० |
| १७ | त्यस पछिको थप २० लाख सम्म | ०.०८-०.१५% |
| १८ | त्यस पछिको थप २० लाख सम्म | ०.१५-०.२०% |

| | | |
|---|---|---|
| १९ | त्यस पछिको थप १ करोड सम्मको | ०.२०-०.३०% |
| २० | त्यस पछिको थप जतिसुकै रकमको भएपनि | ०.३०-०.४०% |
| नोट : सि.नं.१८ देखि २४ सम्मको मुल्याङकन गर्दा न्यूनतम दरले हिसाव मुल्याङकन गरिनेछ । | | |

**यस चालु आ.ब. ०७६/७७ मा सम्पत्ति कर लागु हुने छैन ।**

अनुसुची (२)

दफा(३) सँग सम्बन्धित

## भूमीकर (मालपोत) करका दरहरु

साविक गा.वि.स.हरु हाल कमला नगरपालिका वडा नं. १ देखि ९ सम्मका क्षेत्रभित्र मालपोत प्रति कठ्ठा रु. १०।०० (दश) का दरले लिने र प्रतिवर्ष मालपोत नबुझाउनेलाई लाग्ने मालपोत करको १० प्रतिशतका दरले थप जरिवाना लाग्नेछ ।

अनुसुची (३)

**दफा (४) सँग सम्बन्धित**

## घरबहाल कर

नगरक्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम,टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले वहालमा दिएको रकमको १० प्रतिशतका दरले बहाल कर कट्टा गरी असुल गरिने छ ।

अनुसुचि (४)

दफा ५ सँग सम्बन्धित

**व्यसाय करका क्षेत्र र दरहरु**

| सि.नं. | व्यवसायको नाम | ०७६/७७ का दर | कैफियत |
|---|---|---|---|
| १. | भोजनालय, नास्ता, खाना,र चिया पसल समेत | ५००।०० | |
| २. | चिया पसल मात्र | २००।०० | |
| ३. | माछा/मासु पसल | ५००।०० | |
| ४ | फलफूल पसल ( ठेला समेत) | २५०।०० | |
| ५. | सुनचाँदी पसल | ५००।०० | |

| | | | |
|---|---|---|---|
| ६. | औषधि पसल | ६००।०० | |
| ७. | क्लिनिक सेवा औषधि पसल | १०००।०० | |
| ८. | पान पसल | ५००।०० | |
| ९. | सिलाई/टेलरिङ्ग | ५००।०० | |
| १०. | सैलुन | ५००।०० | |
| ११. | इलेक्ट्रोनिक्स पसल/मर्मत | ५००।०० | |
| १२. | जुत्ता चप्पल पसल | ३००।०० | |
| १३. | मादक तथा अन्य पेय पदार्थ पसल | ९००।०० | |
| १५. | टेन्ट हाउस | ६००।०० | |
| १६. | बिजुली डेकोरेशन/साउण्ड सर्भिस | ६००।०० | |
| १७. | फोटो स्टुडियो | ५००।०० | |
| १८. | टिभी/केवुल | ४०००।०० | |
| १९. | कपडा फैन्सी पसल | ६००।०० | |
| २०. | इलेक्ट्रिकल पसल | ३००।०० | |
| २१. | किराना पसल | ५००।०० | |
| २२. | पेट्रोल पम्प | १३००।०० | |
| २३. | ग्यास सिलिण्डर | ६००।०० | |
| २४. | साईकल मर्मत पसल | ३००।०० | |
| २५. | मोटर साइकल मर्मत पसल | १५००।०० | |
| २६. | लेथ सम्बन्धि पसल | ६००।०० | |
| २७. | सिनिट्री व्यवसाय मिक्चर सहित | १०००।०० | |
| २८. | अधिवक्ता र लेखापढी व्यवसायी | ३००।०० | |

**नोट –** माथि उल्लेखित व्यवसायहरु बाहेक र वर्गीकरण हुन नसकेका को हकमा वार्षिक सरदर रु. ५००।०० का दरले व्यवसाय कर तिर्नु पर्नेछ ।

अनुसूची (५)

दफा ६ सँग सम्बन्धित

**जडबुटि, कवाडी र जीवजन्तु करका क्षेत्र र दरहरु**

कवाडी व्यसायी कर रु. १५००।०० बार्षिक ।

अनुसूची (६)

दफा ७ सँग सम्बन्धित

**सवारी साधन करका क्षेत्र र दरहरु**

| सि.नं. | सवारीको किसिम | वार्षिक कर | दर्ता शुल्क | नामसारी दस्तुर | पटके |
|---|---|---|---|---|---|
| १. | टाँगा, रिक्सा, अटोरिक्सा, ई-रिक्सा | ५००।०० | ५०।०० | ५०।०० | |

सवारी दर्ता तथा वार्षिक सवारी करको प्रमाण पत्र दस्तुर रु.५०।०० लिई नगरपालिकाले उपलब्ध गराउने छ ।

अनुसूची (७)

दफा ८ सँग सम्बन्धित

**विज्ञापन करका क्षेत्र र करका दरहरु**

<u>विज्ञानपन करको दररेट देहाय बमोजिम हुनेछ</u>

(क) होर्डिङ्ग बोर्ड बार्षिक प्रति वर्ग फुट रु. ५०।००

(ख) वालपेन्ट बार्षिक प्रति वर्ग फुट रु.३५।००

(ग) अन्यको हकमा बार्षिक प्रति वर्ग फुट रु.२०।००

नोट – सामान्यतया मदिरा, धुम्रपान, खैनी जस्ताको विज्ञापन राख्न दिइने छैन ।

अनुसूची (८)

दफा ९ सँग सम्बन्धित

**मनोरञ्जन करका क्षेत्र र दरहरु**

नगरपालिका क्षेत्रभित्रमा सञ्चालनमा रहेको वा हुने नेटवर्कहरुलाई वितरण क्षमता ग्राहक संख्याको आधारमा मासिक प्रति ग्राहक रु. ५।०० का दरले मनोरञ्जन कर लगाइने छ ।

अनुसूची (९)

दफा १० सँग सम्बन्धित

**बहाल बिटौरी शुल्कका क्षेत्र र दरहरु**

**बहाल विटौरी कर** - प्रति कठ्ठा रु. ३००।०० का दरले बार्षिक लिइनेछ ।

**कठघरा –** नगरपालिकाको स्वामित्व तथा सार्वजनिक जग्गामा कठघरा राखे वापत प्रति वर्ग फिट रु.२।०० का दरले वार्षिक कर लाग्नेछ ।

**नोट-** दाखिला खारेजी दस्तुर रु.२।०० प्रतिहजार

अंश बण्डा, अदालतबाट बक्स पत्र, मालपोतबाट आएको नामसारी, मृत्यु भएको नामसारी र मृत्यु भएको नजिकको व्यक्तिले हक खाने वापतको दस्तुर रु. ६००।००

## नगरक्षेत्रमा लाग्ने बजार तथा गुद्री हटियाको लागि मात्र देहायबमोजिम लागू हुने-

| सि.नं. | विवरण | मेलामा | गुदरी हाटमा | कैफि |
|---|---|---|---|---|
| १ | मिठाई पसल | २५ | १० | |
| २ | होटल | ३० | १२ | |
| ३ | चिया जलपान पसल | १५ | १० | |
| ४ | पान पसल | २० | १० | |
| ५ | मुरही झिल्ली | १० | १० | |
| ६ | चुरा चगेरा छिटी | १० | १० | |
| ७ | मिठा प्रति चेकीको | ७ | ६ | |
| ८ | केला प्रति छिटी बोरा | ७ | ७ | |
| ९ | दही मटकुर एकको | ६ | १० | |
| १० | दही छाछ एकको | ५ | ५ | |
| ११ | दही भार एकको | १५ | १० | |
| १२ | पता मल्हान बोझ | १० | १५ | |
| १३ | झारु थकरी | १० | ३० | |
| १४ | डोरा सुई फेरी | २० | १० | |
| १५ | धुप खुद्रा बिक्री | ४० | १० | |
| १६ | टिकुली सिन्दुर आदी | २५ | १० | |
| १७ | पटबा चोटी आदी | २५ | १० | |
| १८ | ीकताब | १० | ५ | |
| १९ | शैलुन | १० | ५ | |
| २० | कमल जोडा एक | १० | ५ | |

| | | | | |
|---|---|---|---|---|
| २१ | हजाम १ एकको | १० | ५ | |
| २२ | खुद्रा चुरी पसल | २५ | २० | |
| २३ | किराना पसल १ एक | २५ | २० | |
| २४ | फेरी पंखा | २५ | १० | |
| २५ | चाकु सरौता पसल | ३५ | १० | |
| २६ | आँप छिटी १ एक | १५ | १० | |
| २७ | अन्य खिरा छिटी १ एक | १० | ७ | |
| २८ | सोना पसल १ एक | ५० | ४० | |
| २९ | मनिहारा पसल १ एक | ४० | २० | |
| ३० | रेडिमेड पसल | ३० | ३० | |
| ३१ | गमछी पसल | ३० | १० | |
| ३२ | जुता पसल | ३० | २० | |
| ३३ | पेटी पसल | १० | ७ | |
| ३४ | फर्निचर पसल | १५ | १० | |
| ३५ | उनी कपडा पसल | १५ | १० | |
| ३६ | रेशमी कपडा | १० | ७ | |
| ३७ | चस्मा पसल | १० | ८ | |
| ३८ | सतरंजी पसल | ३० | १० | |
| ३९ | सुती कपडा पसल | ३० | १० | |
| ४० | ढोलक पसल | २० | १० | |
| ४१ | नाटक नौटंकी थिएटर | २० | १० | |
| ४२ | दबाई खिर्चि मिर्चि | १५ | १० | |
| ४३ | पतरख भार १ (एक) | २० | १० | |
| ४४ | जडी बुटी पसल | १५ | १५ | |
| ४५ | नेपाली कागज | ७ | ५ | |
| ४६ | फोटो ग्राफर | १५ | १० | |
| ४७ | प्रचार गर्ने पसल | ३५ | ३० | |
| ४८ | बर्तन भाडा पसल | ३० | १० | |
| ४९ | एलमुनियम पसल | १५ | १० | |
| ५० | जेबर पसल | ३८ | १५ | |
| ५१ | श्रगार फैन्सी पसल | ३५ | १० | |
| ५२ | तरकारी पसल | १५ | १० | |
| ५३ | माछा प्रति क्यारेट | ३० | ४० | |

| | | | | |
|---|---|---|---|---|
| ५४ | काटेको खसी एकको | १० | ५ | |
| ५५ | खराम खपडा पसल | १० | ५ | |
| ५६ | मिर्चाइ लहसुन | २५ | १५ | |
| ५७ | फोटो सिसा लगाउने | १५ | १० | |
| ५८ | खर  गाडा १ एक | ६० | ६० | |
| ५९ | केरा गाडा १ एक | ५० | ५० | |
| ६० | दाउरा गाडा १ एक बास | ४० | ३५ | |
| ६१ | मोची पसल १ (एक) | १० | ५ | |
| ६२ | कर्चि रहठा गाडा | ८ | ५ | |
| ६३ | सिमलको भार र रुई | १० | ५ | |
| ६४ | सुगा मैना जोडा | ५ | ५ | |
| ६५ | बगेरी दर्जन १ एकको | ५ | ५ | |
| ६६ | कुखुरी पसल १ एकको | १० | १० | |
| ६७ | नेपाली उनी सुती कपडा | १० | १० | |
| ६८ | झयाल घंटी | १० | १० | |
| ६९ | खेलने निसाना | १५ | १० | |
| ७० | विभिन्न पसल | १५ | १० | |
| ७१ | चाकु सरौता सान दिने | १५ | १० | |
| ७२ | छाता ताला मर्मत | ५ | ५ | |
| ७३ | मेशिनरी समान घडी सा. | २० | १० | |
| ७४ | चामल, दाल खिर्चि मिरची | २० | १० | |
| ७५ | सोना पानी बिक्री बनाउने | २५ | १० | |
| ७६ | राम हिलोरा | २५ | १० | |
| ७७ | रोडी चन्दन | २० | १० | |
| ७८ | अण्डा दर्जन १ एक | ५ | ५ | |
| ७९ | पानको पसल | २० | १० | |
| ८० | हरमुनियम | १० | ५ | |
| ८१ | कसेरा बर्तन | १० | ५ | |
| ८२ | लोहा भाथी | २० | ५ | |
| ८३ | फाउन्टेन पेन पसल | ५ | ५ | |
| ८४ | आपको कलम बेच्ने | २० | ५ | |
| ८५ | पटीया चटिया | १५ | १५ | |
| ८६ | छिटी छोपी पसल | १५ | १० | |

| | | | | |
|---|---|---|---|---|
| ८७ | डोरी सावे | ५ | ५ | |
| ८८ | रकम खरिद पाल पटी | १० | ५ | |
| ८९ | माटोको घैटो | १५ | १५ | |
| ९० | मुला सागसब्जी | १५ | १० | |
| ९१ | चुरा पसल | ४० | १० | |
| ९२ | सुन्तला गाडा १ एक | ४० | ३० | |
| ९३ | सुन्तला बोरा १ एक | ३० | २५ | |
| ९४ | सुन्तला डोको १ एक | २५ | २० | |
| ९५ | सुन्तला खुद्रा बिक्री | २० | १५ | |
| ९६ | तरकारी बोरा १ एक | ५० | ५० | |
| ९७ | अल्हुआ गाडा १ एक | ५० | ५० | |
| ९८ | अल्लुबा प्रति टायर | ७० | ७० | |
| ९९ | तरबुज फुईट ककरी गाडी १ एक | ७० | ७० | |
| १०० | मुल्ला गाडा १ एकको | ५० | ५० | |
| १०१ | फलफूल गाडी प्रति गाडी | ६० | ६० | |
| १०२ | मौतको कुवा | ३५ | १५ | |
| १०३ | चिडिया खाना | ४० | ३० | |
| १०४ | जमपुरी नाटक | ४० | ३० | |
| १०५ | सरकस | १०० | ५० | |
| १०६ | आलु गाडा १ एक | ७० | ७० | |
| १०७ | आपको टायर गाडा | ६० | ६० | |
| १०८ | आलुको बोरा ठुलो | १० | ५ | |
| १०९ | आलु पसल | १० | १० | |
| ११० | मिठा पसल | १० | १० | |
| १११ | मिठा गाडा १ एक | २० | २५ | |
| ११२ | मिठा प्रति गाडा | ७० | ७० | |
| ११३ | राखी पसल | २५ | २० | |
| ११४ | सतुवा पसल | १० | ५ | |
| ११५ | बरफ | ७ | ५ | |
| ११६ | भुईकटहर | १० | ५ | |
| ११७ | कुल्फी फालुदा | १० | ७ | |
| ११८ | मकै भुटी बेच्ने | ५ | २ | |
| ११९ | फलफुल | २५ | १५ | |

| | | | |
|---|---|---|---|
| १२० | मुर्गा भार एक | २२ | २० |

नोट : दैनिक अस्थायी पसल ४ फिट्टा (लम्बाई  र चौडाई) भएको  लाई एउटा पसल मानिनेछ ।

अनुसूची (१०)

दफा ११ सँग सम्बन्धित

**पार्किङ्ग शुल्कका क्षेत्र र दरहरु**

**नगरपालिका क्षेत्रभित्र नगरपालिकाले व्यवस्था गरेको र निर्माण गरेको पार्किङ्ग क्षेत्रमा पार्क हुने देहायका सवारी साधनहरुमा देहाय बमोजिम पार्किङ्ग शुल्क लिइने छ ।**

१। चार पाङ्ग्रे सवारी साधन दैनिक रु. १०।००

२। तीन पाङ्ग्रे सवारी साधन दैनिक रु. ५।००

३। मोटर साइकल र अन्य दैनिक रु.२।००

अनुसूची (११)

दफा १२ सँग सम्बन्धित

**सेवा शुल्क र दस्तुर**

**११.१ निवेदन, सिफारिश, नक्कल र बोलपत्र फाराम बिक्री शुल्क**

| सि.नं. | विवरण | आ.ब. ०७६/७७ |
|---|---|---|
| १. | नाता प्रमाणित दस्तुर | १५०.०० |
| २. | नागरिकता तथा नागरिकताको प्रतिलिपी सिफारिश दस्तुर | ५०.०० |
| ३. | बहाल करको लेखाजोखा सिफारिश दस्तुर | ५०.०० |
| ४. | बन्द घर तथा कोठा खोल्न रोहवरमा बस्ने सिफारिश दस्तुर | ५०.०० |
| ५. | मोही लगत कट्टाको सिफारिश दस्तुर (प्रति कठ्ठा) | १००.०० |
| ६. | व्यापार व्यवसाय वन्द भएको सञ्चालन नभएको वा हुदै नभएको सिफारिश दस्तुर | १००.०० |
| ७. | घर जग्गा करको लेखाजोखा सिफारिश दस्तुर | ५००.०० |
| ८. | जन्म मिति प्रमाणित दस्तुर | १५०.०० |
| ९. | विवाह प्रमाणित तथा अविवाहित प्रमाणित दस्तुर | १५०.०० |
| १०. | स्वास्थ्य उपचारको सिफारिश दस्तुर | नि-शुल्क |
| ११. | वडाबाट जारी हुने सिफारिश तथा अन्य कागजलाई अंग्रेजी भाषामा समेत सिफारिश तथा प्रमाणित दस्तुर | ५०.०० |
| १२. | घर पाताल प्रमाणित दस्तुर | १५०.०० |

| | | |
|---|---|---|
| १३. | व्यक्तिगत विवरण प्रमाणित दस्तुर | १५०.०० |
| १४. | जग्गा धनी दर्ता प्रमाण पूर्जमा घर कायम सिफारिश दस्तुर | ५००.०० |
| १५. | नामथर, जन्ममिति तथा वतन फरक फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिश दस्तुर | १५०.०० |
| १६. | नामथर, जन्ममिति संशोधन सिफारिश दस्तुर | १५०.०० |
| १७. | जग्गा धनी दर्ता प्रमाण पूर्जा हराएको सिफारिश दस्तुर | १५०.०० |
| १८. | कित्ताकाट सिफारिश दस्तुर | १५०.०० |
| १९. | संरक्षक प्रमाणित गर्ने तथा संस्थागत तथा व्यक्तिगत संरक्षक सिफारिश दस्तुर | १५०.०० |
| २०. | जिवित सँगको नाता प्रमाणित दस्तुर | १५०.०० |
| २१. | मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिश दस्तुर | १५०.०० |
| २२. | जिवित रहेको सिफारिश दस्तुर | १५०.०० |
| २३. | हकवाला वा हकदारको प्रमाणित दस्तुर | १५०.०० |
| २४. | नामसारी सिफारिश दस्तुर | ३००.०० |
| २५. | जग्गाको हक सम्बन्धमा सिफारिश दस्तुर | १५०.०० |
| २६. | उद्योग ठाउँसारी गर्न सिफारिश दस्तुर | १०००.०० |
| २७. | आधारभुत विद्यालय खोल्न सिफारिश दस्तुर | ५०००.०० |
| २८. | जग्गा मूल्याँकन सिफारिश दस्तुर | १५०.०० |
| २९. | विद्यालयको कक्षा थप गर्न सिफारिश दस्तुर | १५०००.०० |
| ३०. | अशक्त, असहाय तथा अनाथको पालनपोषणको लागि सिफारिश दस्तुर | नि-शुल्क |
| ३१. | वैवाहिक अंगीकृत नागरिकता सिफारिश दस्तुर | ५०.०० |
| ३२. | आर्थिक अवस्था कमजोर सिफारिश दस्तुर | नि-शुल्क |
| ३३. | आर्थिक अवस्था सम्पन्न सिफारिश दस्तुर | ५००.०० |
| ३४. | विद्यालय ठाउँसारी गर्न सिफारिश दस्तुर | ५०००.०० |
| ३५. | धारा तथा विद्युत जडानको सिफारिश दस्तुर | २००.०० |
| ३६. | व्यक्तिगत घटना दर्ता (जन्मदर्ता, विवाह दर्ता, मृत्युदर्ता, सम्बन्ध विच्छेद दर्ता र बसाइ सराइ समेत) | ३५ दिनभित्र नि-शुल्क र सो उप्रान्त रु. ५०.०० |
| ३७. | निवेदनमा टिकट वापतको दस्तुर | १०.०० |
| ३८. | नक्कल दस्तुर | २५.०० |
| ३९. | मूल्याकन दस्तुर (अचल सम्पत्ति) हजारमा | ०.०५ |
| ४०. | बोलपत्र वा दरभाउ पत्र दस्तुर | नियमानुसार |
| ४१. | न.पा.बाट उपलब्ध गराइने अन्य आवेदन फाराम दस्तुर | ५०.०० |
| ४२. | चौपाया- गाई, गोरु, राँगा आदीको अन्यत्र लैजान सिफारिश | ५०.०० |

| | | |
|---|---|---|
| | दस्तुर प्रति गोटा | |
| ४३. | गाउँ बल्क जग्गाको लगत कायम सिफारिश | ३००.०० |
| ४४. | जग्गाको घरबाटो प्रमाणित दस्तुर | २००.०० |
| ४५. | चारकिल्ला प्रमाणित दस्तुर | २००.०० |
| ४६. | संस्थादर्ता सिफारिश दस्तुर | ५००.०० |
| ४७. | संस्था नविकरण सिफारिश दस्तुर | ३००.०० |
| ४८. | चारित्रिक प्रमाणपत्र सिफारिश दस्तुर | ५०.०० |
| ४९. | थ्रि फेज लाईनको सिफारिश दस्तुर | १०००.०० |
| ५०. | सहुलियत दरमा काठ उपलब्ध गराउने सिफारिश दस्तुर प्रति क्यु. व. फिट | ०.५० |
| ५१. | छुट जग्गा दर्ता सिफारिश दस्तुर | ३००.०० |
| ५२. | जग्गाको भोगचलन सिफारिश दस्तुर | ३००.०० |
| ५३. | सिनो फालेको प्रति थान न.पा.बाट | ५००.०० |
| ५४. | पेट्रोल स्थापाना सिफारिश दस्तुर | २०००.०० |
| ५५. | उद्योग धन्दा खोल्न तथा नामसारी सिफारिश दस्तुर | |
| | साना उद्योग- इँटा भट्टा समेत | ५०००.०० |
| | घरेलु उद्योग खोल्न | २०००.०० |
| ५६. | व्यापार व्यवसाय तथा अन्य संस्था दर्ता तथा नामसारी दस्तुर | ५००.०० |
| ५७. | घ वर्गको इजाजत पत्र दर्ता तथा नविकरण, नामसारी | स्थानीय राजपत्रानुसार |
| ५८. | मोबाइल टावर इजाजत दस्तुर | ५०००.०० |
| ५९. | बैठक हल भाडा प्रतिदिन | २०००.०० |
| ६०. | नक्सा पास दस्तुर | |
| | १. भुइ तल्ले प्रति वर्ग फिट | २.०० |
| | २. पहिल्लो तल्ला प्रति वर्ग फिट | २.५० |
| | ३. सो भन्दा माथि प्रति वर्ग फिट | २.५० |
| | ४. पर्खाल प्रति वर्ग फिट | २.५० |
| ६१. | निर्माण सम्पन्न प्रति तल्ला | १५०.०० |
| ६२. | नक्शा नामसारी दस्तुर | २००.०० |
| ६३. | अन्य सिफारिश | १००.०० |

**नोट – माथि उल्लेखित सेवा शुल्क र दस्तुरका लागि विवरण पहिचान हुन नसक्ने तथा अन्य करको दर कार्यापालिकाले तोके बमोजिम हुनेछ ।**

अनुसूची (१२)

दफा १३ सँग सम्बन्धित

**पर्यटन शुल्क र दस्तुर**

नगरक्षेत्रभित्र रहेका पर्यटन क्षेत्रमा नगरकार्यपालिकाको निर्णयानुसार पर्यटन शुल्क तथा दस्तुर लिइनेछ ।